भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर भाद्र ३१ गते, २०८१ साल, संख्या ४


भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको कोशेली घर स्थापना तथा संचालन कार्यविधि २०८१

*स्वीकृत मिति -२०८१/०५/२९*

*प्रमाणीकरण मिति -२०८१/०५/३०*

**प्रस्तावना :**

सार्वजनिक, निजी, सहकारी तथा विभिन्न संघ/संस्थाको सहयोग तथा सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीले उत्पादन गरेका वस्तुको खरिद, बिक्रि तथा बजारीकरणमा सहयोग पुऱ्याई नगरपालिका क्षेत्रका लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्नको लागि कोशेलीघर स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगर कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा :

(क) "उत्पादित वस्तु" भन्नाले उद्यमीबाट नगरपालिकाको क्षेत्र भित्र उत्पादन गरेका वस्तु, ( कृषि उपज, तरकारी बाहेक) र सो वस्तु उत्पादनको लागि आवश्यक उत्पादित कच्चा पदार्थ र बीउ विजन समेतलाई सम्झनु पर्छ ।

(ख) "उद्यमी" भन्नाले लघु, घरेलु तथा साना उद्यमीलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले भद्रपुर नगरपालिको नगर प्रमुखलाई सम्झनुपर्दछ ।

(घ) "उपप्रमुख" भन्नाले भद्रपुर नगरपालिको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) "कार्यालय" भन्नाले भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "कोष" भन्नाले कोशेली घर सञ्चालन, व्यवस्थापन तथा सहयोगको लागि स्थापना भएको दफा १२ बमोजिमको कोष सम्झनु पर्दछ ।

(छ) "कोशेली घर" भन्नाले उद्यमीहरुबाट उत्पादित वस्तुहरु संकलन गरी बिक्रि गर्ने स्थानलाई जनाउँछ ।

(ज) "निजी क्षेत्रका संघ/संस्था" भन्नाले जिल्ला उद्योग वाणिज्य संघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, जिल्ला लघु उद्यमी महासंघ, व्यापार संघ वा यस्तै प्रकृतिका अन्य संघ/संस्था र तिनका जिल्ला र स्थानीय तह स्थित संघ/संस्थालाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ञ) "बिक्रेता" भन्नाले कोशेली घरको वस्तु तथा सामान बिक्री गर्न समितिले नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ट) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको लेखा प्रमुखलाई सम्झनुपर्दछ ।

(ठ) "समिति" भन्नाले दफा १० बमोजिम गठित कोशेली घर व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्दछ ।

३. कार्यक्रम सञ्चालनको उद्देश्य :

कोशेली घर स्थापना तथा सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) भद्रपुर नगरपालिका क्षेत्र भित्र रहेका उद्यमीबाट उत्पादित वस्तु खरिद तथा बिक्रि वितरण गरी उद्यमीको जीवनस्तरमा सुधार ल्याउने ।

(ग) स्थानीय सीप, श्रोत र साधनको परिचालन गरी रोजगारी र आय-आर्जनमा टेवा पुऱ्याउने ।

(घ) स्वेदेशी तथा विदेशी पर्यटकलाई स्थानीय उत्पादनहरु सुलभ तरिकाले उपलब्ध गराउने ।

४. लक्षित वर्ग : यस कार्यक्रमको लक्षित वर्ग लघु, घरेलु तथा साना उद्यमीहरु रहनेछन ।

## परिच्छेद – २
## कोशेली घर छनोट विधि

५. प्रस्ताव माग गर्ने :

(१) भद्रपुर नगरपालिकाले कोशेली घर सञ्चालन गर्न ईच्छुक व्यक्ति वा संघ संस्था वा फर्मसंग प्रस्ताव माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा कम्तीमा १५ दिनको म्याद दिई स्थानीय पत्रपत्रिका मार्फत प्रस्ताव आव्हान गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) सूचना प्रकाशन भएपछि दफा ६ बमोजिमका योग्यता भएका उद्यमी, सहकारी संस्था, अन्य संघ संस्था वा फर्मले अनुसूची -१ बमोजिम निवेदनको साथमा अनुसूची -२ बमोजिमको प्रस्ताव पेश गर्नुपर्नेछ ।

६. आवेदन दिन आवश्यक योग्यता : कोशेली घर सञ्चालन गर्ने उद्यमी, व्यवसायी तथा संघसंस्थाको लागि निम्नानुसारको योग्यता भएको हुनु पर्नेछ ।

(क) उद्यमीद्वारा उत्पादित वस्तुको निरन्तर उत्पादन तथा बिक्रि वितरणमा संलग्न रहेको ।

(ख) लघु उद्यम सञ्चालन भएका सम्भाव्य क्षेत्र (potential area) हुनु पर्नेछ ।

(ग) क्षेत्रगतरुपमा सन्तुलन कायम हुने गरी प्रस्ताव गरेको हुनु पर्नेछ ।

(घ) कम्तिमा २०% संस्थागत वा व्यक्तीगत साझेदारी हुनु पर्नेछ ।

(ङ) पूँजीगत सहयोगका लागि रकम माग भएको हुनु पर्नेछ ।

(च) खण्ड (ग) बमोजिम क्षेत्र प्रस्ताव गर्दा मुख्य बजार क्षेत्र समावेश गरेको हुनु पर्नेछ ।

गणेश पोखरेल

(छ) लघुउद्यमीको क्षेत्रमा क्रियाशिल रहेका छाता संगठनमा आवद्ध भएको हुनु पर्नेछ ।
(ज) भद्रपुर नगरपालिकाको क्षेत्रलाई कार्यक्षेत्र बनाई २ वर्षदेखि निरनतर क्रियासिल रहनुपर्छ ।
(झ) व्यक्तिका हकमा भद्रपुर नगरपालिका क्षेत्रभित्रको स्थायी ठेगाना भएको हुनु पर्दछ साथै प्यान नं. समेत लिएको हुनु पर्दछ ।

७. अनुगमन तथा मूल्याङ्कन समितिको गठन : (१) अनुदानको लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन र छनौटका लागि भद्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको देहाय बमोजिम प्रस्ताव मूल्याङ्कन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | – | संयोजक |
| (ख) प्रशासन शाखा प्रमुख | – | सदस्य |
| (ग) पुर्वाधार विकास शाखा समिति | – | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | – | सदस्य |
| (ङ) योजना शाखा प्रमुख | – | सदस्य |
| (च) सम्बन्धित वडाको वडा अध्यक्ष | | सदस्य |
| (छ) रोजगार शाखा प्रमुख | | सदस्य सचिव |

(२) छनौट समितिले विज्ञ सदस्यका रुपमा बढीमा ३ जना व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछप्रस्ताव मुल्याङ्कन समितिले प्रस्ताव मुल्याङ्कन गर्दा यस कार्यविधि र प्रचलित कानून अनुसार गर्नुपर्दछ
(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

८. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार : (१) प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :
(क) कोशेली घर सञ्चालनको लागि प्राप्त प्रस्तावको मूल्याङ्कनको आधार तयार गर्ने ।
(ख) कोशेली घर सञ्चालनको लागि प्राप्त प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव स्वीकृतको लागि कोशेली घर व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(ग) मूल्याङ्कन बमोजिम योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र कति स्थानमा कोशेली घर सञ्चालनको स्वीकृती दिन सकिन्छ सो को यकिन गरी स्वीकृतिको लागि कोशेली घर व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(घ) कोशेली घर सञ्चालनको अवस्थाका बारेमा समय समय अनुगमन गरी कोशेली घर व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ङ) अनुदान रकमको प्रयोगको अवस्था अनुगमन गरि दुरुपयोग भएको पाइएमा आवश्यक कारबाहीको लागि कोशेली घर व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(च) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी आवश्यक काम गर्ने ।

## परिच्छेद - ३
## सञ्चालन तथा व्यवस्थापन

९.कोशेली घर सञ्चालन तथा व्यवस्थापन : (१) कोशेली घर सञ्चालन गर्ने संघसंस्थाले उक्त कोशेली घरलाई सुव्यवस्थित रुपमा सञ्चालनको लागि एक कोशेली घर सञ्चालन समिति गठन गर्नु पर्नेछ ।

(क) यस उपदफा बमोजिमको समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार बढीमा ४ जनासम्म सदस्य रहने छन ।

(ख) समितिको बैठक महिनामा कम्तीमा एकपटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

(ग) समितिले कोशेली घर सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक निर्णय गरी निर्देशन दिनेछ ।

(घ) समितिले कोशेली घर सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(ङ) समितिले कोशेली घरबाट बिक्री हुने सामानहरुको मूल्य निर्धारण, समायोजन तथा हेरफेर गर्नेछ ।

(च) समितिले कोशेली घरबाट बिक्री बितरण भएका मालसामानहरु फिर्ता भएको, टुटफुट हुन गई वेकम्मा भएको, कोशेली घरको प्रवर्द्धनको लागि उपहारको रुपमा दिईएको सामानको प्रमाणिकरण गरी अभिलेख व्यवस्थापन गर्ने कार्य गराउनेछ ।

यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि एकल व्यक्ति वा व्यवसायीले कोशेली घर सञ्चालनको स्वीकृती प्राप्त गरेमा यस किसिमको समिति गठनको आवश्यकता पर्नेछैन ।

(२) कोशेली घर सञ्चालन गर्ने स्थान तथा क्षेत्र छनौट गर्दा निम्नानुसारको मापदण्डको पालना गर्नु पर्नेछ ।

(क) ग्राहकहरुको बढी आवत जावत हुने स्थान ।

(ख) उत्पादनको बढी उपयोग हुने क्षेत्र ।

(ग) यातायात, सञ्चार, सुरक्षा लगायत भौतिक पूर्वाधार सुविधा भएको ।

(घ) मालसामान ढुवानी गर्न सुविधा भएको स्थान ।

(ङ) मालसामान भण्डारण गर्न पर्याप्त ठाउँ र सुविधा भएको स्थान ।

(च) प्रचलित कानून अनुसार कोशेली घर खोल्न कुनै बाधा नभएको स्थान ।

गणेश पोखरेल

(३) कोशेली घर सञ्चालनको उद्देश्य हासिल गर्नका लागि कोशेली घर सञ्चालन समितिले आवधिक रुपमा निश्चित लक्ष्य सहित वार्षिक, अर्धवार्षिक तथा मासिक योजना तयार गर्नु पर्नेछ । समितिले बिक्रि योजना निर्माण गर्दा बिक्रेतालाई अनिवार्यरुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(४) कोशेली घरमा सामानहरु प्राप्त भै सकेपछि कोशेली घर सञ्चालकले उक्त सामानहरुलाई सामानको प्रकृति अनुसार सोकेश अथवा ऱ्याकमा आकर्षक तरिकाले सजाएर राख्नु पर्नेछ । कोशेली घर र यसको वरिपरी सुगन्धित, आकर्षक र सफा वातावरण कायम राख्नु कोशेली घर सञ्चालकको कर्तव्य हुनेछ ।

(५) कोशेली घरले स्थानीय लघु, घरेलु तथा साना उद्यमीद्वारा उत्पादित वस्तुहरु प्रचलित बजार मूल्यमा खरिद गर्नु पर्नेछ । कोशेली घरले सामान बिक्री गर्दा त्यस्ता किसिमका वस्तुहरुलाई प्राथमिकता दिनु पर्नेछ । स्थानीय वस्तुहरु मात्र बिक्री वितरणको लागि पर्याप्त नभएमा अन्य उत्पादकबाट स्थानीय सीप

र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुहरु समेत खरिद गर्न सक्नेछ । कोशेली घरमा मदिरा तथा सुर्तिजन्य पदार्थ खरिद बिक्रि गर्न पाइनेछैन ।

(६) कोशेली घरले उद्यमीहरुबाट तयारी वस्तु खरिद गर्दा कोशेली घरले देहाय बमोजिमका प्रक्रिय अवलम्वन गर्नु पर्नेछ ।

(क) बजार माग तथा आफ्नो क्षमताका आधारमा वस्तु खरिद गर्दा आपूर्ति कर्ता उद्यमीसँग वस्तुको गुणस्तर, वस्तुको परिमाण, ढुवानी, भुक्तानी प्रक्रिया आदिको बारेमा छलफल गरी समझदारी कायम गर्नुपर्नेछ ।

(ख) तयारी वस्तु आपूर्ति गर्ने उद्यमीहरुसँग खण्ड (क) बमोजिमका विषयहरु शर्तको रुपमा समावेश गरी सम्झौता गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटकमा पाँच हजारसम्मको वस्तु खरिद गर्दा उद्यमीसँग सम्झौता गरिरहनु पर्नेछैन ।

(७) कोशेली घरमा प्राप्त सामाग्रीको अभिलेख व्यवस्थापनमा देहायका बमोजिम गर्नुपर्नेछ ।

(क) उद्यमीबाट वस्तु तथा सामानहरु प्राप्त भई सकेपछि सञ्चालकले सामान प्राप्ति रजिष्टरमा प्रविष्टी गरी उचित स्थानमा सामान राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) कोशेली घर सञ्चालकले दैनिक बिक्रि भएका सामानहरुको विवरण सोही दिन खातामा प्रविष्ट गरी बिक्रि भएका वस्तुहरुको सिलसिलावद्ध रुपमा बिल बिजक जारी गरी अभिलेख व्यवस्थित गर्नुपर्नेछ ।

(ग) कोशेली घर सञ्चालकले मौज्दात अभिलेख दैनिक रुपमा अध्यावधिक गरी सञ्चालन समितिलाई साप्ताहिक रुपमा पेश गर्नुपर्नेछ ।

(घ) कोशेली घर सञ्चालकले खरिद भएका, उपहार प्राप्त भएका, कुहेका, टुटेफुटेका तथा विज्ञापनकालागि निशुल्क दिइएका वस्तुको दैनिक रुपमा अध्यावधिक गर्नु पर्नेछ ।

(ङ) सामानहरु बिक्रि गर्दा (First in First Out - FIFO) विधि प्रयोग गर्नुपर्नेछ ।

गणेश पोखरेल

(च) कोशेली घर सञ्चालक समितिले मौसमको अवस्था, सामाग्रीको माग र आपूर्ति, विशेष चाड पर्व तथा समाग्रीको प्रकृति अनुसार कम्तिमा एकहप्ताको लागि वस्तुको मौज्दात रहने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) सामानको न्यूनतम मौज्दात व्यवस्थापन समितिले तोक्नेछ भने सञ्चालन समितिले साप्ताहिक रुपमा त्यसको अनुगमन गर्नुपर्नेछ ।

(८) कोशेली घर सञ्चालकले भद्रपुर नगरपालिकाबाट वा अन्य निकायबाट प्राप्त अनुदान रकम तथा प्रशासनिक खर्च (कर्मचारी तलब, भत्ता, इन्धन आदि) मा खर्च गर्न पाइने छैन ।

(९) कोशेली घर सञ्चालकले कोशेली घरबाट बिक्री गर्ने वस्तुहरुको मूल्य निर्धारण गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) तयारी सामाग्रीको बिक्रि मूल्य निर्धारण लागत, बजार प्रतिष्पर्धा, माग र आपूर्तिमा आधारितभई गर्नु पर्नेछ ।

(ख) हरेक वस्तुको मूल्य सूची ग्राहकले देख्ने ठाउँमा अनिवार्य रुपमा राख्ने तथा प्रत्येक वस्तुमा ट्याग एवं स्टिकर टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) कोशेली घर सञ्चालकले स्थानीय उद्यमीबाट उत्पादित खरिद भएको वस्तुको प्रकृति हेरी बढीमा २०% सम्म मात्र नफा राखेरबिक्रि मूल्य निर्धारण गर्नुपर्नेछ ।

(घ) कोशेली घरबाट बिक्री गरिने सामानको उत्पादन मिति र म्याद सकिने मिति उल्लेख भएको हुनुपर्नेछ।

(१०) कोशेली घरमा नगद व्यवस्थापन निम्नानुसार गर्नु पर्नेछ :

(क) कोशेली घर सञ्चालकले आवश्यकता परेको बेला तुरुन्त नगद भुक्तानी दिन मिल्ने गरी तरलता व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) वस्तु बिक्रिबाट आएको नगद रकम यथासक्य नजिकको बैङ्कमा जम्मा गर्नुपर्नेछ । एकै दिन दश हजार रुपैया भन्दा बढीको वस्तु बिक्रिबाट नगद प्राप्ती भएमा सम्भव भएसम्म सोही दिन नभए भोलिपल्ट बैङ्कमा जम्मा गर्नुपर्नेछ ।

(ग) व्यवस्थापन समितिले तहबिलमा रहने नगदको सीमा तोक्न सक्नेछ ।

(घ) खण्ड "ख" मा जुनसुकै कुरा लेखिएको भएतापनि एकहप्तासम्म भएको वस्तु बिक्रिवापत प्राप्त रकम जतिसुकै भएपनि सप्तान्तमा अनिवार्य रुपमा बैक जम्मा गर्नु पर्नेछ ।

(११) सानो नगदी कोषको व्यवस्था :

(क) कोशेली घर व्यवस्थापन समितिले दैनिक स-साना खर्चको भुक्तानीको लागि रु. १०,०००। अक्षरुपि दशहजाररुपैयाँ) सम्मको सानो नगदी कोषको व्यवस्था गर्न सक्नेछ ।

(ख) नगदी कोषको सञ्चालन कार्यालयको जिम्मेवार व्यक्तिले सञ्चालन गर्नेछ ।

(ग) सानो नगदी कोषबाट समय समयमा भएको खर्चको बिल भर्पाइ दफा ९ को उपदफा (१) बमोजिम गठित समितिका संयोजकले प्रमाणित गर्नुपर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(१२) कोशेली घर सञ्चालकले सामाग्री आपूर्तिकर्ता व्यवसायीलाई यथासक्य बैंक मार्फत भुक्तानी गर्नुपर्नेछ तर पाँच हजार भन्दा कम रुपैयाको कारोबारमा नगदबाट भुक्तानी गर्न सकिनेछ ।

(१३) माल सामान फिर्ता, ग्राहकको गुनासो तथा सुझाब :

(क) क्रेताले कोशेली घर सञ्चालकबाट वस्तुको उत्पादन मिति तथा गुणस्तर प्रत्याभुत गरी खरिद गर्नुपर्नेछ ।

(ख) बिक्रि भैसकेको वस्तु वा सेवाको गुणस्तरमा फरक पर्न गएमा वा त्यस्तो सामानमा खरिद कर्ताले प्रयोग नगर्दै कुनै समस्या युक्त भएको प्रमाणित भएमा ग्राहकलाई सो वस्तु वा सेवा फिर्ता गरी अर्को वस्तु दिन सकिनेछ ।

(ग) खण्ड (ख) बमोजिम समस्या युक्त वा तोकिएको गुणस्तर नभएको सामान फिर्ता गर्दा ग्राहकले खरिद गरेको एकहप्ता भित्र प्रमाण सहित दावी गरेको खण्डमा मात्र फिर्ता हुनेछ ।

(घ) ग्राहकहरुले वस्तु वा सेवाका सम्बन्धमा कुनै किसिमको गुनासो वा सुझाब दिएमा कोशेली घर सञ्चालकले ग्राहकको सुझाबलाई सकारात्मकरुपमा लिई सुझाब कार्यान्वयन योग्य भए कार्यान्वयन गर्नु पर्नेछ ।

(१४) कोशेली घर खुल्ने समय :

(क) कोशेली घर शनिवारको दिन बाहेक प्रत्येक दिन ९.०० बजे देखि बेलुका ७.०० बजे सम्म खुल्ला राख्नु पर्नेछ तर मंसिर, पौष, माग र फाल्गुण महिनामा विहान ९.०० बजे देखि बेलुका ५.०० बजे सम्म खुल्ला राख्नु पर्नेछ ।

(ख) आवश्यकता अनुसार सञ्चालन समितिले निर्णय गरी खण्ड (क) बमोजिमको समय भन्दा बढी समय र अन्य समयमा पनि खोल्न सकिने व्यवस्था मिलाउन सक्नेछ ।

(१५) कोशेली घरका सञ्चालकले कोशेली घरको बिक्रि प्रवर्द्धन गर्न निम्नानुसारको कार्य गर्नु पर्नेछः

(क) सञ्चालन समिति सदस्य तथा व्यवस्थापन समितिको सल्लाह सुझाब, समन्वय र सहयोगमा स्थानीय उत्पादक तथा बिक्रि बढाउन उपयुक्त रणनीतिहरु बनाउनु पर्नेछ ।

(ख) भद्रपुर नगरपालिका, उद्योग बाणिज्य संघ, उद्यमी समूह, घरेलु कार्यालय तथा अन्य सहयोगी संस्थाहरुको समन्वय र सहकार्यमा उपयुक्त समयमा स्थानीय उत्पादनको प्रवर्द्धनको लागि प्रदर्शनी आयोजना गर्ने वा सहभागी हुनुपर्नेछ ।

(ग) ग्राहकको रुची र आवश्यकतालाई ध्यानमा राख्दै बजार प्रवर्द्धनका विभिन्न गतिविधिहरु सञ्चालन गर्नुपर्नेछ ।

(घ) बिक्रि गरिने वस्तुहरुको प्रवर्द्धनको लागि लेवलिङ्ग, प्याकेजिङ्ग गरिएका सामानहरुमा कोशेली घरको लोगो अनिवार्य राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(ङ) कोशेली घरमा विक्रिका लागि राखिएका सामानहरुको बजार प्रवर्द्धनका लागि ग्राहकसम्म जानकारी दिन तथा वस्तु वा सेवाको फाइदाका बारेमा जानकारी दिन विभिन्न सञ्चार माध्यमहरु मार्फतविज्ञापन गर्नुपर्नेछ ।

(१६) नाफा वितरण तथा उपयोग :

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(क) कोशेली घर सञ्चालनबाट प्राप्त खुद नाफा मध्येबाट घर भाडा तथा व्यवस्थापन खर्च सुनिश्चित गरी कोशेली घरको कानूनी प्रावधान अनुसार नाफाको बाँडफाँड गर्नुपर्नेछ ।

(ख) नाफा मध्येको केही अंश उद्यमीहरुको व्यवसायिक सिप विकास, बजार प्रवर्द्धन तथा दीगोपनमा सहयोग पुग्ने क्षेत्रमा उपयोग गरिनेछ ।

(१७) खाता सञ्चालन : कोशेली घरको दैनिक कारोबारको लागि सञ्चालन समितिको नाममा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोल्नु पर्नेछ । उक्त खाता सञ्चालन समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । यस खाता दैनिक कारोबारको भुक्तानी र आम्दानीमा प्रयोग गर्नुपर्नेछ । यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति वा उद्यमीले कोशेली घर सञ्चालनको स्वीकृती प्राप्त गरेको खण्डमा सञ्चालकको एकल नाउँमा खाता सञ्चालन गर्न यस उपदफाको प्राबधानले बाधा पुऱ्याएको मानिने छैन ।

(१८) लेखा व्यवस्थापन :

(क) सामान खरिद र बिक्रि गर्दा अनिवार्य रुपमा बील बिजक उपलव्ध गराउनु पर्नेछ ।

(ख) सञ्चालन व्यवस्थापकले कोशेली घरको सम्पूर्ण कारोवारको लेखा प्रचलित दोहोरो लेखा प्रणालीमा व्यवस्थित तरिकाले चुस्त दुरुस्त राख्नु पर्नेछ ।

(ग) प्रत्येक कारोवारको समिति र सम्बन्धित निकायहरुले हेर्न चाहेको अवस्थामा जुनसुकै समय पनि देखाउनु पर्नेछ ।

(१९) कोशेली घर सञ्चालकले कोशेली घरमा भएको आर्थिक कारोबारको अनुमति प्राप्त रजिष्टर्ड लेखापरीक्षकबाट नियमानुसार लेखा परीक्षणको कार्य गराउनु पर्नेछ ।

## परिच्छेद - ४
## विविध

१०. कोशेली घर व्यवस्थापन समिति : कोशेली घरलाई सुचारु तथा व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि देहाय बमोजिमको कोशेली घर व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर-प्रमुख | – संयोजक |
| (ख) नगर उप प्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) अध्यक्ष/प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघ | – सदस्य |
| (ङ) आर्थिक विकास समितिको संयोजक | – सदस्य |
| (च) कृषी विकास शाखा प्रमुख | – सदस्य |
| (छ)कार्यपालिका सदस्य मध्येबाट २ जना | – सदस्य |
| (छ) सम्बन्धित वडाको वडा अध्यक्ष | –सदस्य |
| (झ) रोजगार सेवा केन्द्रको शाखाको प्रमुख | – सदस्य सचिव |

११. कोशेली घर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : कोशेली घर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख

(क) दफा ६ बमोजिमको समितिको सिफारिशमा कोशेली घर सञ्चालनको लागि प्राप्त प्रस्ताव स्वीकृतगर्ने ।

(ख ) स्वीकृत बजेटको परिधि भित्र रही दफा ६ बमोजिमको समितिको सिफारिशमा एक भन्दा बढी स्थानमा कोशेली घर स्थापना गर्न स्वीकृती दिने ।

(ग) दफा ६ बमोजिमको समितिले अनुदान रकमको दुरुपयोग गरेको भनी कारबाहीको लागि सिफारिश गरेमा आवश्यक कारबाही गर्ने ।

(घ) कोशेली घर सञ्चालन समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) कोशेली घर सञ्चालनका लागि घर जग्गा मासिक भाडामा लिन नपर्ने गरी सरकारी, सामुदायिक तथा अन्य निकायका भवनको खोजी गर्ने र सम्बन्धित क्षेत्रमा रहेका त्यस्ता किसिमका भवन उपलब्ध गराउन आवश्यक पहल गर्ने ।

(च) दीगो रुपमा कोशेली घर सञ्चालन तथा व्यवस्थापनका लागि विभिन्न संघसंस्थाको सहभागिता र सहयोगमा "कोशेली घर सञ्चालन तथा सहयोग कोष" स्थापना गर्ने ।

(छ) कोशेली घरलाई सहकारीमा परिणत गर्नुपर्ने आवश्यक भएमा सहकारीको रुपमा हस्तान्तरण गर्न आवश्यक प्रकृया अगाडि बढाउने ।

(२) कोशेली घर सञ्चालनको लागि अन्य संघ/संस्थाहरुसँग आवश्यकता वमोजिम समन्वय र सहजीकरणको काम समितिले गर्नेछ ।

१२. कोशेली घर प्रवर्द्धन कोष :

(१) कोशेली घरको एउटा छुट्टै सञ्चालन तथा सहयोगी कोष हुनेछ । यस कोषमां देहाय बमोजिमको रकम रहनेछ :

(क) संघीय वा प्रदेश सरकारबाट प्राप्त रकम ।
(ख) नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार कोशेली घरको लागि बिनियोजित रकम ।
(ग) जिल्ला समन्वय समितिबाट प्राप्त रकम ।
(घ) जिल्ला स्थित अन्य स्थानीय तहबाट प्राप्त रकम ।
(ङ) लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरुबाट प्राप्त रकम ।
(च) नीजि क्षेत्रका संस्थाबाट सो कोषका लागि उपलव्ध गराएको रकम ।
(छ) जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिको पहल तथा निर्णयबाट यस कोषमा प्राप्त हुने रकम ।

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट कोष सञ्चालन हुनेछ ।

१३. कोशेली घरका लागि भद्रपुर नगरपालिकाले अनुदान उपलव्ध गराउने आधारहरु :

(क) लघु उद्यम सञ्चालन भएका सम्भाव्य क्षेत्रहरु (potential area) हुनुपर्नेछ ।

गणेश तोखरेल

(ख) क्षेत्रिय सन्तुलन कायम हुने गरी प्रस्ताव स्वीकृत गर्नु पर्नेछ ।

(ग) कम्तीमा ४०% संस्थागत साझेदारी हुनु पर्नेछ ।

(घ) पूँजीगत सहयोगका लागि रकम माग भएको हुनु पर्नेछ ।

(ङ) भद्रपुर नगरपालिकाको कार्यक्षेत्रबाट सहभागिता हुनु पर्नेछ ।

(च) मुख्य बजार क्षेत्र हुनु पर्नेछ ।

(छ) लघु उद्यमीको छाता संगठनमा आवद्ध भएको हुने पर्नेछ ।

१४. कोशेली घरको अनुगमन : कोशेली घर सञ्चालन कार्यको नियमित तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी सञ्चालन समितिको हुनेछ । कोशेली घर सञ्चालकले नियमित रुपमा उक्त समितिमा प्रगति प्रतिवेदन पेश गर्नेछ भने समितिले उक्त प्रतिवेदन उपर प्रत्यक्ष अनुगमन गरी पृष्ठपोषण दिने, समन्वय र सहयोग समेत गर्नेछ । दफा ७ बमोजिमको समितिले समय समयमा कोशेली घरको अनुगमन गरी कोशेली घर व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । नगरपालिकाको तर्फबाट अनुगमनको लागि जाने समितिका पदाधिकारीहरुलाई कोशेली घर सञ्चालनको यथार्थ जानकारी गराउने र आवश्यकता अनुसार कागजात उपलब्ध गराउने कर्तव्य कोशेली घर सञ्चालक तथा सञ्चालन समितिको हुनेछ ।

१५. सञ्चालन समितिका सदस्यहरुको सुविधा : सञ्चालन समितिमा बस्ने सदस्यहरुले कोशेली घरको आम्दानीबाट केही रकम सुबिधाको रुपमा सञ्चालन समितिको निर्णय अनुसार लिन सक्नेछन् । यस किसिमको सुविधा कोशेली घरको मुनाफा रकमबाट मात्र उपलव्ध गराउन सकिनेछ ।

१६. कारबाही सम्बन्धी व्यवस्था : कोशेली घर सञ्चालकले कोशेली घर सञ्चालनको लागि विभिन्न संस्थाबाट प्राप्त अनुदान तथा सहयोग रकम दुरुपयोग गरेको प्रमाणित भएमा दफा ६ बमोजिमको समितिको सिफारिशमा दफा १० बमोजिमको समितिले सञ्चालकले गरेको कसुरको आधारमा देहाय बमोजिमको कारबाही गर्नेछ ।

(क) सञ्चालकलाई सचेत गराउने

(ख) कोशेली घर सञ्चालन कर्ताको अभिलेखबाट नाम हटाउने ।

(ग) अनुदान रकम रोक्का गर्ने ।

(घ) दुरुपयोग भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्ने ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची -१

(दफा ५ सँग सम्बन्धित)

लघु उद्यम विकासका लागि संस्थाले पेश गर्ने निवेदनको ढाँचा :

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, झापा

विषय : कोशेली घर सञ्चालन सम्बन्धमा ।

महोदय, हामी लघु उद्यमीहरुबाट भद्रपुर नगरपालिका वडा नं. .... स्थान ............... मा ................. कोशेली घर सञ्चालनका लागि अनुदान सहयोग पाउँ भनि कोशेली घर सञ्चालनका लागि लाग्ने अनुमानीत बजेट, बिक्रि गर्ने सामानको सामान्य विवरण, सहित यो प्रस्ताव पेश गरेका छौं । हामीले यस कार्यक्रम अन्तर्गत पालना गर्नुपर्ने नीति कार्यविधि बारे जानकार छौं र सोही बमोजिम पालना र कार्यान्वयन गर्न सहमत छौं । निवेदन बमोजिम देहायका कागजातहरु संलग्न छन् ।

निवेदक :
संस्थाको नाम :
अध्यक्ष वा प्रतिनिधिको नाम :
दस्तखत :
ठेगाना :
सम्पर्क नं. :
संस्थाको छाप :

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची -२

(दफा ५ सँग सम्बन्धित)

प्रस्तावको ढाँचा

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :-

संस्थाको नाम

| | |
|---|---|
| आदेदकको नाम : | |
| ठेगाना (पत्राचारको लागि) : | |
| आवेदक संस्थाको किसिम (कुनै एकमात्र चिन्ह लगाउने) | |
| १. लघु उद्यमी | |
| २. लघु उद्यमी संघ | |
| ३. साना उद्योग | |
| ४. उद्योग वाणिज्य संघ | |
| ५. व्यापार संघ | |
| ६. अन्य | |
| संस्था दर्ता भएको मिति : | |
| स्थायी लेखा नम्बर : | |
| संस्थाको मुख्य उद्देश्य : | |
| (कोशेली घर) प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोबाईल नं. : | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदान ग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेका भए, कुन संस्थाबाट कुन उद्देश्यका लागि वित्तीय सहयोग प्राप्त छ, खुलाउने | |

गणेश [illegible]

भद्रपुर नगरपालिका

२. प्रस्तावनाको औचित्य तथा महत्व

तालिका : कोशेली घरको हालको व्यवसायको अवस्था (सञ्चालनमा भएको भए)

| क.सं. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन/ खरिद (अनुमानित) | वार्षिक कूल अनुमानित आम्दानी रु. | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | जम्मा | | | | |

३. कोशेली घरले लागत साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधि :

............................................................................. ..................................

४. कोशेली घरका मुख्य-मुख्य क्रियाकलापहरु :

| क.सं. | उत्पादन हुने सामान | एकाइ | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. वार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाई आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)

निष्कर्ष : कोशेली घर सञ्चालनबाट वार्षिक रुपमा ............... उत्पादन बिक्रि संकलित वस्तुको बिक्रि वितरणबाट वार्षिक रु. ......................... कूल आम्दानी गरिने योजना बनाईएको छ ।

कोशेली घरको प्रस्तावित योजना अनुसार बार्षिक .............. रुपैया मुनाफा हुने र लाभ लागत अनुपात

६. लागत साझेदारी :

कोशेली घरको सञ्चालन गर्ने यो परियोजनाको कूल लागत करिब रु. ............... अनुमान गरिएको छ जस मध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. ................ अपेक्षा गरिएको छ जुन कूल लागतको ................ प्रतिशत मात्र हो ।

गणेश गोखरेल

भद्रपुर नगरपालिका

तालिका : लागत साझेदारीमा सञ्चालन गर्ने क्रियाकलापका माग गरिएको अनुदान रकमको विवरण :

| क्र.सं. | विवरण | बार्षिक खर्च रु. | अनुदान उपलब्ध गराउने संस्थाको रु. | अनुदान ग्राहीको लागत रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पूँजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पूँजी निर्माण र उद्यमीहरुबाट उत्पादित सामान खरिद गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस कोशेली घरले आफ्ना अपेक्षित उपलब्धिहरु हासिल गर्नेछ । वार्षिक ............ वटा ................... उत्पादन एवं बिक्रि बितरण गर्न सकिनेछ । साथै व्यवसाय सञ्चालन मार्फत वार्षिक रुपमा ................... जनालाई नियमित र .............. जनालाई ............ दिनको राजेगारी उपलब्ध गराउने र वार्षिक रु. ...................... रकम मुनाफा लिन सकिने भएको हुँदा लागत साझेदारीमा यो प्रस्ताव अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिव देखिन्छ ।

आज्ञाले

सुनिल निरौला

प्रमुख प्रशासकीय अधिकृत